नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४५ २०६९ फाल्गुन १० गते, बिहीबार 21,Feb. 2013 मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।
संस्थापक/सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

## 'कानून पालन नगर्दा मानवअधिकार हनन'

**हरि पन्त/ज्यो.भ.**

**पोखरा** : राज्यको कानून फितलो हुनु र कानून पालनकर्ताहरूले नै कानूनको बर्खिलापमा काम गर्दा मानवअधिकार हननका घटना बढेको पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरूले औल्याएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराले सोमबार पोखरामा आयोजना गरेको नेपाल मानव अधिकार वर्ष २०१३ को पुस्तक सार्वजनिक तथा पश्चिमाञ्चल क्षेत्रको मानवअधिकार अवस्था विषयक विचार गोष्ठीमा बोल्ने वक्ताहरूले यस्तो कुरा औल्याएका हुन् ।

नेपाल मानवअधिकार वर्ष पुस्तक २०१३ सार्वजनिक गर्दै पुनरावेदन अदालत पोखराका मुख्य न्यायाधीश माधवप्रसाद चालिसेले मानवअधिकारका कुरालाई कुरामामात्र नराखी व्यवहारमा नै लागू गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकारलाई ख्याल गर्नुपर्ने बताउनुभयो । 'कानूनलाई सबैले आत्मसाथ गर्न सक्नुपर्छ' कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका चालिसेले भन्नुभयो, 'जबसम्म कानूनलाई राज्य तथा अन्य निकायले आत्मसाथ गर्न सक्दैनन् तवसम्म मानवअधिकार हननका घटना घटिरहन्छन् ।' मानव कल्याणमा सबैको ध्यान गएमात्र मानवअधिकार सुरक्षित हुने बताउँदै मुख्य न्यायाधीश चालिसेले मानवअधिकार हनन हुँदा कसैले पनि टुलुटुलु हेरेर बस्न नहुनेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै अधिवक्ता सुरेन्द्र थापा मगरले राज्यमा मानअधिकारको बारेमा थाहा पाउने भरपर्दो माध्यम केही नभएकोमा इन्सेकको पुस्तकले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । उहाँले सहमतिको नाउँमा विधिको शासन, मानवअधिकारको उलङ्घन गरेर प्रधानन्यायाधीशलाई भावी प्रधानमन्त्री बनाउन नहुनेमा जोड दिनुभयो । 'राज्यको कानून पालन गर्नु सबैको कर्तव्य हो' अधिवक्ता थापा मगरले भन्नुभयो, 'कानूनलाई नै कुल्चेर काम गर्नु लोकतान्त्रिक मूल्य र मान्यता विपरीत हुन जान्छ । त्यस्तो कार्य मानवअधिकारको ठाडो उलङ्घन हो, कसैले पनि स्वीकार गर्न सक्दैनन् ।' राज्यका मुख्य नेताहरूले नै कानून मिचेर काम गर्दा मानवअधिकार हनन हुने गरेको अधिवक्ता थापाको भनाइ थियो ।

अधिवक्ता रामप्रसाद घिमिरेले मानवअधिकारको संरक्षण गर्ने एकमात्र भरपर्दो निकाय सर्वोच्च अदालतलाई समेत राजनीतिक दलहरूले धराशायी बनाउन खोजेको बताउनुभयो । 'लोकतान्त्रिक मूल्य र मान्यतालाई समेत बिर्सेर प्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउनु हुँदैन' अधिवक्ता घिमिरेले भन्नुभयो, 'जनताको एकमात्र आशा र भरोसाको केन्द्र सर्वोच्च अदालतलाई धराशायी बनाउँदा राष्ट्र कमजोर हुन जान्छ ।' मानअधिकार तथा कानूनको ठाडो उलङ्घन हुनेगरी प्रधान न्यायाधीशलाई प्रधानमन्त्री बनाउन नहुने घिमिरेको धारणा थियो । त्यस्तै पुनरावेदन अदालत बार एशोसियशन पोखराका अध्यक्ष अधिवक्ता मुकुन्द अर्यालले नेपालमा मानवअधिकारको अवस्था दिनानुदिन खस्कँदो रहेको बताउनुभयो । राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका प्रमुख यज्ञप्रसाद अधिकारीले पोखराको फुटपाथ व्यवसाय हटाईएकोमा स्वागत गर्दै कानून मिचेर कसैले पनि आफ्नो अधिकार प्रयोग गर्न नहुनेमा जोड दिनुभयो । सर्वसाधारण हिंड्ने बाटो कब्जा गरेर आफ्नो व्यवसाय संचालन गर्नु मानवअधिकार र लोकतान्त्रिक मूल्य मान्यताको ठाडो उलङ्घन हुने अधिकारीको भनाइ थियो । पश्चिमाञ्चल क्षेत्रीय प्रशासक सुमनप्रसाद शर्माले मानवअधिकार हननका घटना राज्य भन्दा गैरराज्य पक्षबाट बढी भएको बताउनुभयो । उहाँले आफ्नो स्वार्थका लागि अर्काको अधिकारमाथि खेलवाड गर्दा मानवअधिकार सुनिश्चित नभएको बताउनुभयो । कास्कीका प्रहरी नायव उपरीक्षक श्यामकृष्ण अधिकारीले पोखराको फुटपाथ हटाउँदा दण्डहिनताको घटना बढेको बताउनुभयो । सडक कब्जा गरेर बस्ने अधिकार कसैलाई नभएको बताउँदै अधिकारीले कानून विपरीत मानवअधिकारका कुराले प्रहरीलाई निकै अप्ठ्यारोमा पार्ने गरेको गुनासो गर्नुभयो । मानवअधिकारकर्मी टेकनाथ बरालले मानवअधिकारको आशाको केन्द्र न्यायपालिकालाई राजनीतिक दलहरूले विवादमा तान्न नहुनेमा जोड दिनुभयो । राज्यको व्यवस्थापिका र कार्यपालिकाले गलत काम गर्दा न्यायपालिकाले ठीक ठाउँमा ल्याएको बताउँदै बरालले न्यायपालिकालाई समेत विवादमा तान्न खोजे देश वर्वादीतिर धकेलिने चेतावनी दिनुभयो । 'राजनीतिक दलका नेताहरूले त्याग गरेर राज्यलाई निकास दिनुपर्छ' बरालले भन्नुभयो, 'लोकतान्त्रिक मूल्य र मान्यता विपरीत बहुमतलाई समेत कुल्चेर काम गर्नु कानून, विधिको शासन एवम् मानवअधिकारको ठाडो उलङ्घन हुन्छ ।'

इन्सेक पोखराका संयोजक शिव खकुरेलको अध्यक्षतामा सम्पन्न

बाँकी ४ पृष्ठमा...

## ज्योतिष पत्रकार संघ नेपालको बैठक सम्पन्न

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल ज्योतिष पत्रकार संघ नेपालको केन्द्रीय पहिलो बैठक शनिबार पोखरामा सम्पन्न भएको छ । संघका सभापति डा.बलराम उपाध्याय रेग्मीको अध्यक्षतामा सम्पन्न बैठकले विविध पक्षमा छलफल गर्दै भावी कार्यदिशा समेत तय गरेको छ ।

बैठकले मुख्यगरी नेपाल ज्योतिष पत्रकार संघको तर्फबाट नेपाल पत्रकार महासंघसंग एशोसियएट सम्वन्धन लिन संस्थाको आवश्यक परिपत्र पठाउने निर्णय गरेको छ । साथै संघको मुखपत्र ज्योतिष आवाज (मासिक)लाई समेत छिट्टै प्रकाशनमा ल्याउने निर्णय गरेको संघका महासचिव रामनाथ अधिकारी 'संगी'ले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो ।

त्यसैगरी ज्योतिष पत्रकार संघको शाखा विस्तारलाई समेत तीव्रता दिने भएको छ । यसअघि कास्की, कञ्चनपुर, कैलाली शाखा विस्तार भएको थियो भने छिट्टै तनहुँ, स्याङ्जा, गोर्खा, धादिङ, पर्वत, बाग्लुङ तथा म्याग्दी शाखा विस्तार गरिने संघका सभापति डा.बलराम उपाध्याय रेग्मीले जानकारी दिनुभयो । त्यस्तै यसअघि रोकिएका सदस्यता नविकरण कार्यलाई समेत तीव्रता दिने भएको छ । आफ्नो सदस्यता नविकरण गर्ने सदस्यलाई एक हप्ताभित्र सदस्यता प्रमाणपत्र प्रदान गरिने संघकी कोषाध्यक्ष ज्योतिषी प्रेम कुमारी गुरुङले जानकारी दिनुभयो ।

बैठकले प्रत्येक महिनाको अन्तिम शुक्रबार शाखाका पदाधिकारी सहित केन्द्रीय समितिको बैठक बस्ने निणर्य गरेको संघकी सचिव सीता रेग्मीले जानकारी दिनुभयो ।

शनिबार पोखरामा सम्पन्न बैठकले गत आर्थिक वर्षका संस्थाको आय-व्याय सहितको आर्थिक प्रतिवेदनलाई सर्वसम्मत पारित गरेको छ । आगामी चैत्र महिनाको अन्तिम शुक्रबार बस्ने बैठकले ज्योतिष पेशामा देखिएको विकृति र विसंगति रोक्न नेपाल ज्योतिष पत्रकार संघले गर्ने विशेष पहल, संस्थाको विधान संशोधनका लागि निर्णय गर्न सक्ने बुझिएको छ ।

वि.सं.२०५७ साल मंसीर २२ गते स्थापित नेपाल ज्योतिष पत्रकार संघ नेपालले गत आषाढ १४ गते सातौं महाधिवेशन सम्पन्न गरेको थियो । एक कार्यकालको कार्यअवधि तीन वर्षको हुने संस्थाको विधानमा उल्लेख छ ।

## न्यायाधीशले निर्वाचन नगराउने

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

**पोखरा** : वि.सं.२०६४ चैत्र २८ गते गरिएको संविधानसभाको चुनावबाट बनेका पटक-पटकका सरकारले गर्न नसकेको संविधान बनाउने काम अब प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा बन्ने सरकारले पनि बनाउन नसक्ने ज्योतिष वैज्ञानिक दृष्टिकोणमा देखिएको छ । केतु, शनि र शंकटा दशाको कार्यकाल चलिरहेको उमेरमा प्रतिष्ठित पद प्रधानन्यायाधीशमा आसिन व्यक्ति सरकार प्रमुखको रुपमा निर्वाचन गराउने जिम्मा लिएर सरकारमा जानु ज्योतिष भविष्यवाणीले शुभ संकेत देखेको छैन । सफल भए राष्ट्रलाई निकास, असफल भए व्यक्तिगत बेइज्जतिको बाजी थापेर सरकार प्रमुख भई आगामी व्यवस्थापिका संसदको चुनाव गराउन करीब सहमतिको नजिक पुग्नुभएका रेग्मीलाई पार्टीका नेताले बीचैमा धोका दिने र घर न घाट पार्ने देखिएको छ । साम, दान, दण्ड, भेदको नीतिमध्ये 'शाम' नीतिबाट सोझा प्रधानन्यायाधीश रेग्मीलाई सिधै लडाउने खेलबाट बच्न ज्योतिष भविष्यवाणी बेलैमा सचेत गराउँदछ । स्मरण रहोस् गणतन्त्रको घोषणा ज्येष्ठ ४ र १५ मा भएका थिए । सबै असफल भए । कार्तिकमा आएको २०४७ को संविधान समाप्त भई गयो । कुनै बेला कार्तिक २७ मा हुने भनिएको निर्वाचन भएन । नेपाल राष्ट्रलाई सबैभन्दा खराब महिना ज्येष्ठ, कार्तिक रहि आएको परिप्रेक्षमा फेरि पनि व्यवस्थापिका संसदको चुनाव आउँदो ज्येष्ठ २२ गते गराउने निर्णय गर्नु आँफैमा शुभ नरहेकोले आउँदो मंसिरमा गराउनु उचित देखिएको छ । वि.सं.२०५८ ज्येष्ठ २२ गते सत्तासिन पूर्वराजा ज्ञानेन्द्र शाहले राजदरबार नै छोड्नु परेको मितिमा गराउने चुनावले देशलाई निकास दिन कुनैपनि हालतमा नसक्ने ज्योतिष भविष्यवाणीको ठहर छ ।



**ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# मेची–महाकाली ज्योतिष जागरणको महत्व

नेपाली ज्योतिष साहित्यको आधुनिक काल वि.सं.२०४१ साललाई मानिन्छ । म आँफैले लेखि, सम्पादन भई प्रकाशित भएको स्वयं ज्योतिषी पुस्तकले आम नेपाली भाषीको ज्योतिष शिक्षाप्रतिको ढोका खोल्न सफल भएको हो । संस्कृत भाषामा सीमित तथा नितान्तै सीमित व्यक्तिले काठको पाटीमा माटोको धुलौटो कोरेर सिक्नुपर्ने ज्योतिष जो कसैको क्षमताभित्र पर्दैनथ्यो । वि.सं.२०४० सालसम्मको नेपाली ग्रामीण भेकको ज्योतिष शिक्षा आधुनिक गणितीय माध्यमबाट सिक्न सकिंदैनथ्यो । गुरु शिष्य परम्परामा चलिरहेको ज्योतिष शिक्षाको पठन–पाठन चार/पाँच वर्ष लाग्ने र त्यो पनि लग्न र चन्द्र कुण्डली बाहेक अगाडि बढ्दैनथ्यो । ज्योतिषीलाई दुर्लभ प्राणी मानिन्थ्यो । ज्योतिष जान्ने व्यक्ति जो कसैलाई सिकाउँदैनथे । यस्तो अवस्थामा वि.सं.२०३८ देखि २०४१ बीच ज्योतिष विषयलाई पाटी गणितबाट आधुनिक गणिततर्फ परिवर्तन गर्दै स्वयं ज्योतिषी पुस्तक लेखन/प्रकाशन गरेपछि नेपालको ज्योतिष सिक्ने/सिकाउने परम्परामा एकरुपता आयो । स्वयं ज्योतिषी पुस्तक लेखन/प्रकाशनमात्र होइन यो पुस्तकलाई आँफै पढाउँदै गएमा समग्र नेपालका ३,९१५ गा.वि.स.लाई आवश्यक ज्योतिषी पुर्‍याउन सकिन्छ भन्ने भावनाले सर्वप्रथम नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको बाग्लुङको बिहुँ रामकोटमा ज्योतिषको प्रशिक्षण दिइएको थियो । वि.सं.२०३९/२०४१ मा बाग्लुङको बिहुँमा दिइएको ज्योतिष प्रशिक्षणमा २५ जना विद्यार्थी लग्न तथा चन्द्रकुण्डली बनाउन सक्ने र आइपरेको अन्य ज्योतिषीय काम गर्न सक्ने बनाइएको थियो । त्यसपछि वि.सं.२०४३/२०४४ सालमा भारतको उत्तरप्रदेशस्थित हरिद्वारको भूपतवाला श्री रामानुज श्री वैष्णव संस्कृत महाविद्यालयमा तीन महिना खुल्ला ज्योतिष प्रशिक्षण संचालन गरिएको थियो जसमा भारतका दुईजना र नेपालका २५ जना गरी २७ जनाले ज्योतिष सिकेका थिए । हरिद्वार केन्द्रमा ज्योतिष सिकेकी मनिषा गोयल भारतकै देहरादूनमा ज्योतिषको प्राक्टिस गर्दैछिन् भने हीरा बल्लभ पाण्डेय टिहरी गढवाल कतै ज्योतिष शिक्षाको माध्यमबाट जीवन निर्वाह गरिरहेका छन् । ज्योतिष जागरण अभियानको तेस्रो औपचारिक प्रशिक्षण भारत उत्तरप्रदेशको मेरठको जेलचुंगीमा सन् १९८७–१९९१ सम्म चल्यो, जसमा ज्योतिष सिकेका विद्यार्थीमध्ये एक नेपालको पाल्पा वाका मलाङ ३ का माधवप्रसाद पाण्डेय हुन् जो पछि सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट ज्योतिषाचार्य उत्तीर्ण गरी हाल बाल्मीकि संस्कृत विद्यापीठ, प्रदर्शनी मार्ग काठमाडौंमा फलित ज्योतिष प्राध्यापन गर्दै छन् । 'बृहज्जातकस्य समीक्षकात्मकं अध्ययनम्' शीर्षकमा पी.एच.डी.को थेसिस विश्वविद्यालयमा बुझाइसकेका माधवप्रसाद पाण्डेय ज्योतिष जागरण अभियानका सफल उत्पादनमध्ये एक हुन् ।

स्वयं ज्योतिषी पुस्तक लेखन, ज्योतिष प्रशिक्षण पश्चात् ज्योतिष जागरण (मासिक) पत्रिकामार्फत पनि आम जनताको ज्योतिषप्रति रुचि बढाउने उद्देश्यले वि.सं.२०५० कार्तिक १७ गते जिल्ला प्रशासन कार्यालय पर्वतमा दर्ता गरी ज्योतिष जागरण(मासिक) नियमित प्रकाशन गरी सरकारबाट स्थायी समेत भएको पनि उन्नीसौं वर्ष पूरा भएको छ । ज्योतिष जागरण (मासिक)ले पनि स्वदेश तथा विदेशमा महत्वपूर्ण कार्य गर्न सफल भयो । संस्कृत भाषामा समाचार प्रशारण गर्नु बिर्सेकै हो कि ? भन्ने ज्योतिष जागरणको सम्पादकीयले काठमाडौं वाल्मीकि क्याम्पसका संस्कृतको छात्र–छात्रालाई जगाइदिंदा बहुदलीय प्रजातन्त्रको बहाली पश्चात् रेडियो नेपालबाट संस्कृत भाषामा संस्कृत समाचार प्रशारण गराउन ज्योतिष जागरण अग्रपंक्तिमा रह्यो । त्यसको अर्को महत्वपूर्ण उपलब्धि गणित ज्योतिष शास्त्री, आचार्यको पढाइमा सीमित बाल्मीकि संस्कृत विद्यापीठ तथा महेन्द्र संस्कृत विश्वविद्यालयमा फलित ज्योतिषको समेत अध्ययन अध्यापनको परम्परा शुरु गर्नमा ज्योतिष जागरणको महत्वपूर्ण देन छ । ज्योतिष जागरण (मासिक) को सम्पादकले उपकुलपति चूडानाथ भट्टरायलाई स्वयं भेटी महेन्द्र संस्कृत विश्वविद्यालय खुलेपनि गणित ज्योतिषकोमात्र पढाई हुँदा आम जनताले ज्योतिषीको परामर्श प्राप्त गर्न सक्ने भएनन् । फलित ज्योतिष शास्त्री, आचार्यको डिग्री पनि शुरु गर्नुपर्‍यो भनेको ठीक एकवर्षमा फलित ज्योतिष शास्त्री, आचार्यको पाठ्यक्रम तैयार गरी उपकूलपति चूडानाथ भट्टरायले महेन्द्र संस्कृत विश्वविद्यालयमा लागू गर्नुभएको थियो । त्यसपछिका दिनमा आँफै सशक्त ज्योतिष शिक्षाको क्षेत्रमा क्रान्ति ल्याउनका लागि ज्योतिष जागरण (मासिक) को आयोजनामा वि.सं.२०५३ फाल्गुन ९ गते दिनमा ठीक १ बजेदेखि मेची बहुमुखी क्याम्पस भद्रपुर झापादेखि प्रारम्भ गरिएको मेची–महाकाली ज्योतिष जागरण अभियान झापा, इलाम, मोरङ, नवलपरासी, गोर्खा, पर्वत, बाग्लुङ हुँदै कास्कीमा आइपुगेको छ । वि.सं.२०५७ ज्येष्ठदेखि कास्की जिल्लालाई केन्द्रविन्दु बनाई संचालित मेची–महाकाली ज्योतिष जागरण अभियानका थप उपलब्धि रहेका छन् करीब पाँच हजार ज्योतिषीको उत्पादन, सयौं ज्योतिष पत्रकार, वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति नेपालको गठन(२०५४), ज्योतिष भविष्यवाणी (साप्ताहिक) को नियमित सम्पादन/प्रकाशन, नेपाल ज्योतिष पत्रकार संघको स्थापना(२०५७), पोखरा ज्योतिष महाविद्यालयको स्थापना(सन्२००६ फरवरी १५) तथा यी संस्थाद्वारा नियमित ज्योतिष विषयको प्राध्यापन, स्वदेश तथा विदेशका अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलनमा सक्रिय सहभागिता, ज्योतिष वैज्ञानिक उपचार सम्पादन/प्रकाशन, पोखरा ज्योतिष महाविद्यालयका ज्योतिष विषयक गतिविधि, नेपाल ज्योतिष पत्रकार संघको नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियनसंगको सहकार्यताले नेपाली ज्योतिष साहित्यको इतिहासमा महत्वपूर्ण स्थान राख्ने देखिएको छ । रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट वि.सं.२०५९ श्रावण १२ गतेदेखि ज्योतिष कार्यक्रमको संचालन, धौलागिरि एफ.एम. ९८.६ मेगाहर्जबाट वि.सं.२०६५ भाद्र २ गते सोमबार बेलुकी ५:१० बजेदेखि ६ बजेबीच चलाउँदै आएको साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण', रेडियो तरङ्ग १०७.६ पोखराबाट वि.सं.२०६६ वैशाखदेखि आषाढसम्म तीन महिना संचालन गरिएको कार्यक्रम 'ज्योतिष आवाज' दैनिक, रेडियो नेपाल मालेपाटन, पोखराबाट वि.सं.२०६२ तिर संचालित ज्योतिष कार्यक्रम जो ३ महिना संचालित भएको थियो ।

यी सबै कार्यक्रमको योगदान ज्योतिष शिक्षाको विकासमा महत्वपूर्ण रहेको छ । केही समय पोखराको चिप्लेढुङ्गास्थित रेडियो सराङ्कोट १०४.६ मेगाहर्जबाट संचालित कार्यक्रम 'मेची–महाकाली ज्योतिष जागरण अभियान' कास्कीका पत्रकारको झगडाले गर्दा बीचैमा छोडिदिनु पर्ने बाध्यताले छुट्न गएपनि त्यसको प्रभाव समेत समाजमा राम्रो रहेको श्रोताहरू बताउँछन् । हामीले शुरु गरेको ज्योतिष जागरण अभियान यहि फाल्गुन ९ गते मंगलबार १६ वर्ष पुगि १७औं वर्षमा प्रवेश गरेको छ । हाल हामी ज्योतिष जागरण(मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), जे.वी.विक्ली डटकम, रेडियो अन्नपूर्ण ९३.४ पोखरा, सुनौलो एफ.एम. १०२.२ पोखरा, धौलागिरि एफ.एम. ९८.६ मेगाहर्जबाट एकैसाथ समाजको सेवा गरिरहेका छौं भने नेपाल अधिराज्यमा ज्योतिषकोमात्र पढाइ हुने ज्योतिषकै नाममा पोखरा ज्योतिष महाविद्यालय पोखरामा छ भने वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयको माध्यमबाट विश्वभरिका ज्योतिष शिक्षा प्रेमीलाई ज्योतिष पढाउने लक्ष्यका साथ सक्रिय अगाडि बढिरहेका छौं । एक्लो व्यक्ति लाग्दा पनि यतिका काम हुँदो रहेछ भने तपाईंहरूमध्ये पनि कोही हुनुहुन्छ कि हाम्रो सहकर्मी बन्न सक्ने ? मेची–महाकाली ज्योतिष जागरण अभियान १७औं वर्षमा प्रवेशको अवसरमा मेरा दायाँहात ज्योतिषाचार्य महेश्वर शर्मा पौडेल, खुर्कोट–५, पर्वत, नरेशशंकर पालिखे (पालिखेचोक, पोखरा), ज्यो.प्रेम कुमारी गुरुङ, ज्योतिष पत्रकार हरि पन्त तथा समस्त झापा, इलाम, मोरङ, नवलपरासी, गोर्खा, पर्वत, बाग्लुङ, कास्की केन्द्रमा सक्रिय सहयोगीको रुपमा रहनुभएका तपाईं सबैमा हार्दिक कृतज्ञता आभार, धन्यवाद व्यक्त गर्दछु साथै आगामी दिनमा पनि मेची–महाकाली ज्योतिष जागरण अभियानको कार्यक्रमलाई समाजका सबै वर्गबाट सहयोग प्राप्त होस् हाम्रो हार्दिक अपेक्षा !

## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी... २०६९/११/३ गतेदेखि फाल्गुन १० गतेसम्म/

| क्र.सं. | सदस्यहरूको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| ८४५ | हेमराज गौतम | पाला–६, बाग्लुङ | ९८५७६२०५१३ |
| ८४६ | पुष्पराज रेग्मी | सिद्ध–६, कास्की | ९८४६०२६२१७ |
| ८४७ | शंकर कुमार विजुक्छे | पोखरा–९, नयाँबजार | ९८४६०५५९६९ |
| ८४८ | रामचन्द्र चौधरी | पोखरा–८, सिमलचौर | ९८१४१४३७३५ |
| ८४९ | ईन्दिरा बराल | पुम्दी–४, कास्की | ९८०६७०६०१६ |
| ८५० | राजन आचार्य | बाजुङ–५, पर्वत | ९८४७७२४११५ |
| ८५१ | रामभक्त घिमिरे | जामुने–७, तनहुँ | ९८४६५६३७३८ |
| ८५२ | भाग्यनारयण कलबार | पोखरा–१०, अमरसिंहचोक | ९८४६५२८८५८ |
| ८५३ | गणेश अधिकारी | हेम्जा–८, कास्की | ९८५६०३४७८५ |
| ८५४ | रामजी पौडेल | भदौरे–४, कास्की | ९८४६११२८१२ |
| ८५५ | कुशल अर्याल | पुतली नपा–१०, स्याङ्जा | ९८४६१३६४७५ |
| ८५६ | ऋषिराम अर्याल | पुतली नपा–१०, स्याङ्जा | ९८५७०२०४०७ |
| ८५७ | शौरभ पौडेल | श्यामलार–१, रुपन्देही | ९८४७५५०७१५ |
| ८५८ | हरि वि.क. | लेनपा–४, कास्की | ९८०६७७६१३० |
| ८५९ | निरमाया क्षेत्री | बाच्छा–१, पर्वत | |
| ८६० | खिमबहादुर पूर्जा | डकनाम–८, म्याग्दी | ९८४७६७१०८० |
| ८६१ | बुद्धिकुमारी गुरुङ | पोखरा–२, मिरुवा | ९८४६२५७६४७ |
| ८६२ | अन्जान गुरुङ | पोखरा–१७, छोरेपाटन | ९८०८११०८५० |
| ८६३ | रोशन गुरुङ | पोखरा–१७, छोरेपाटन | ९८४६१४६०८२ |
| ८६४ | भिमादेवी सुनार | पोखरा–१७, कास्की | ९८०६५२५२७८ |
| ८६५ | लोकेन्द्र सुनार | पोखरा–१७, छोरेपाटन | ९८१७११९९०६ |
| ८६६ | काशीराम सुवेदी | कास्कीकोट–४, कास्की | ९८४६०५६५५३ |
| ८६७ | विष्णुप्रसाद सुवेदी | कास्कीकोट–४, कास्की | ९८४६३९२६५८ |
| ८६८ | सुदीप कोइराला | पुतली नपा–११, स्याङ्जा | ९८४६४७७३८८ |
| ८६९ | नन्दप्रसाद बाँस्तोला | पुम्दी–२, कास्की | ९८४६१३६८३७ |
| ८७० | कमला ढकाल | फापरथुम–१, स्याङ्जा | ९८४६२०५४९३ |
| ८७१ | मीनराज तामाङ | बुढीचौर–३, मकवानपुर | ९८४६०४१७१६ |
| ८७२ | सन्तोष ढकाल | पञ्चमूल–६, स्याङ्जा | ९८४६११२२५५ |
| ८७३ | कुमार पुन | क्याङ–१, पर्वत | ९८४६३४२६६० |
| ८७४ | सुनिता रेग्मी | ठूलाडिही–९, स्याङ्जा | ९८४६१९९७३८ |
| ८७५ | सुनिल गुरुङ | पोखरा–११, भक्तिमार्ग | ०६१–५३१४३९ |
| ८७६ | निर्मल गुरुङ | चापापानी, शितलादेवी | ०६१–५३४५९४ |
| ८७७ | तारा गुरुङ | पोखरा–११, फूलवारी | ०६१–५३१४३९ |
| ८७८ | सन्तोष गुरुङ | पोखरा–१२, कास्की | ०६१–५३०६६२ |
| ८७९ | तीर्थमायाँ गुरुङ | पोखरा–१२, शितलादेवी | ०६१–५३०६६२ |
| ८८० | दीपक गुरुङ | पोखरा–१७, पार्दी | ९८४६१००४१८ |
| ८८१ | दीपसन् गुरुङ | पोखरा–१७, पार्दी | ९८४६१००४१८ |
| ८८२ | रविन्द्र रिमाल | दुलेगौंडा–३, तनहुँ | ९८४६३७६०१५ |
| ८८३ | भुवनसिंह सेन | पोखरा–११, कास्की | ९८४६१९६३८१ |
| ८८४ | रिमकुमारी सेन | पोखरा–११, कास्की | ९८४६१९६३८१ |
| ८८५ | मनिष गुरुङ | बाफल, काठमाडौं | ९८०४१५६९३० |
| ८८६ | अञ्जना गुरुङ | बाफल, काठमाडौं | ९८०८६५१९३६ |
| ८८७ | राधा गुरुङ | फड्के–४, स्याङ्जा | ९८४६०४९६६२ |
| ८८८ | मधुसुदन पौडेल | हेम्जा–९, मिलनचोक | ९८४६०४४०७२ |
| ८८९ | लक्ष्मीदेवी पौडेल | हेम्जा–९, मिलनचोक | ९८४६५३०४७८ |
| ८९० | पुनम थापा | पोखरा–११, रानीपौवा | ९८४६२६१३९८ |
| ८९१ | सन्दीप आचार्य | भरतपोखरी–३, कास्की | ९८१४१५१९०० |
| ८९२ | धीरेन्द्र थापा | वालिङ–६, स्याङ्जा | ९८४६२३९८७८ |
| ८९३ | ईन्द्रबहादुर थापा | सिमलचौर, पोखरा | ९८०५८१२५६८ |
| ८९४ | सुधीर पराजुली | पृथ्वीचोक, पोखरा | ०६१–५३४८०४ |
| ८९५ | अर्जुन के.सी. | पोखरा–१४, चाउथे | ९८४६२६२३३३ |
| ८९६ | रिजु शर्मा | मासबार–७, पोखरा | ०६१–५२८७९५ |
| ८९७ | रिसव ढकाल | मासबार–७, पोखरा | ०६१–५२८७९५ |
| ८९८ | आदित्यराज पौडेल | रत्नचोक, पोखरा | ०६१–४६३५३३ |
| ८९९ | सन्तोष खनाल | व्यास–१, दमौली | ९८४६०६२३०० |
| ९०० | बद्री खनाल | व्यास–१, दमौली | ०६५–५६०७३३ |
| ९०१ | अनिल पौडेल | भरतपुर नपा–११, चितवन | ९८१६६५३७०२ |
| ९०२ | कामना पौडेल | रत्नचोक, पोखरा | ०६१–४६३५३३ |
| ९०३ | पूर्णबहादुर गुरुङ | पार्चे–१, कास्की | ९८४६१५०६६६ |
| ९०४ | नवराज आचार्य | पोखरा–१, बगर | ९८५६०३२१५३ |
| ९०५ | हेलबहादुर थापा | चापाकोट–३, कास्की | ९८१६१०७६४३ |
| ९०६ | ज्ञानेन्द्र घिमिरे | करापुटार–४, लमजुङ | ९८५६०३३३२४ |
| ९०७ | विकास अधिकारी | गोर्जे–६, कास्की | ९८४६५८६३३३ |
| ९०८ | कृष्णप्रसाद सुवेदी | शालिजा–५, पर्वत | ९८४७६६९७०६ |
| ९०९ | राजेन्द्र कुँवर | तानसेन, पाल्पा | ९८५६०२२८४६ |
| ९१० | ओमकार पौडेल | सल्यान–४, कास्की | ९८४६२९९७४० |
| ९११ | हेमराज गुरुङ | भानुमति–२, तनहुँ | ९८४६०४९६६३ |
| ९१२ | यममायाँ पुर्जा पुन | पोखरा–२, कास्की | |
| ९१३ | नविन पूर्जा पुन | पोखरा–२, कास्की | |
| ९१४ | डिलकुमारी पूर्जा पुन | पोखरा–२, कास्की | |
| ९१५ | झकराज गुरुङ | पोखरा–९, नयाँबजार | ०६१–५२२९०७ |
| ९१६ | चिना गुरुङ | पोखरा–९, कास्की | |
| ९१७ | सोमबहादुर आले | भगवती–८, तनहुँ | ९८०५८६३७१३ |
| ९१८ | नारायण खनाल | जोहाङ–६, गुल्मी | ९८५६०३०४४३ |
| ९१९ | भावना न्यौपाने | कुमारी–८, नुवाकोट | |
| ९२० | जितेन्द्र के.सी. | सल्यान–४, कास्की | ९८४६२७६८५६ |

# जे.वी.विक्लीको पाठक करिब एकलाख

ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपालको एकमात्र ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी (साप्ताहिक)को अनलाइन संस्करण (नेपाली, अंग्रेजी) जे.वी.विक्ली डटकम अध्ययन गर्ने पाठकको संख्या करिब एकलाख पुग्न लागेको मोटिगो वेवस्टाटले जनाएको छ। ज्योतिष भविष्यवाणी (साप्ताहिक) को नेपाली संस्करण अध्ययन गर्नेको संख्या ६३ हजार सातसय दुई रहेको छ भने अंग्रेजी संस्करण १९ हजार आठसय २८ जना गरी कूल ९३ हजार पाँचसय ३० रहेका छन्। विश्वका एकहजार वेवसाइटमध्ये ज्योतिष भविष्यवाणी नेपाली संस्करण ४६ औं स्थानमा पर्न सफल भएको छ भने अंग्रेजी संस्करण एकसय ५९औं स्थानमा पर्न सफल भएको छ। यी दुवै संस्करणमध्ये नेपाली पढ्नेको संख्या सबैभन्दा बढी रहेको छ। नेपाली संस्करण पढ्नेको संख्या ६३ हजार सातसय दुई जना रहेका छन् भने अंग्रेजी पढ्नेको संख्या १९ हजार आठसय २८ रहेको मोटिगो वेवस्टाटले जनाएको छ। दुवै संस्करण

**ज्योतिष भविष्यवाणी (साप्ताहिक) नेपाली**

**Country of origin**

| | | | |
|---|---|---|---|
| 1. | Nepal | 14,418 | 22.6 % |
| 2. | United States | 9,669 | 15.2 % |
| 3. | Qatar | 7,433 | 11.7 % |
| 4. | Korea | 4,166 | 6.5 % |
| 5. | United Arab Emirates | 3,996 | 6.3 % |
| 6. | Japan | 3,459 | 5.4 % |
| 7. | United Kingdom | 3,343 | 5.2 % |
| 8. | Hong Kong S.A.R. | 1,619 | 2.5 % |
| 9. | Israel | 1,568 | 2.5 % |
| 10. | Australia | 1,154 | 1.8 % |
| | The rest | 12,877 | 20.2 % |
| | **Total** | **63,702** | **100.0 %** |

**ज्योतिष भविष्यवाणी (साप्ताहिक) अंग्रेजी संस्करण**

**Country of origin**

| | | | |
|---|---|---|---|
| 1. | Nepal | 3,849 | 19.4 % |
| 2. | United States | 2,969 | 15.0 % |
| 3. | India | 2,387 | 12.0 % |
| 4. | United Kingdom | 1,112 | 5.6 % |
| 5. | Qatar | 1,072 | 5.4 % |
| 6. | United Arab Emirates | 900 | 4.5 % |
| 7. | Japan | 897 | 4.5 % |
| 8. | Korea | 877 | 4.4 % |
| 9. | Iceland | 672 | 3.4 % |
| 10. | Australia | 602 | 3.0 % |
| | The rest | 4,491 | 22.6 % |
| | **Total** | **19,828** | **100.0 %** |

पढ्नेमा नेपाली नै सबैभन्दा बढी रहेका छन्। ज्योतिष भविष्यवाणीको नेपाली संस्करण पढ्ने नेपालीको संख्या १४ हजार चारसय १८ रहेका छन् भने दोस्रोमा रहेको अमेरिका नौ हजार छसय ५९ जनाले अध्ययन गरेका छन्। त्यस्तै कतारमा सात हजार चारसय ३३ जना, कोरियामा चार हजार एकसय ६६, युनाइटेड अरव इमिरेट्समा तीनहजार नौसय ९६, जापानमा तीन हजार चारसय ५९, युनाइटेड किङ्डम तीनहजार तीनसय ४३, हङ्कङ एस.ए.आर. एकहजार छसय १९ जना रहेका छन्। त्यस्तै नवौं स्थानमा रहेको इजरायलका एकहजार पाँचसय ६८ र दशौं स्थानमा रहेको अस्ट्रेलियाका एक हजार एकसय ५४ जनाले अध्ययन गरेको छन् भने अन्य विभिन्न मुलुकका १२ हजार आठसय ७७ जनाले ज्योतिष भविष्यवाणी अध्ययन गरेको मोटिगो वेवस्टाटले जनाएको छ। त्यसैगरी अंग्रेजी संस्करण पढ्नेमा पनि नेपाल नै अग्रस्थानमा रहेको छ भने दोस्रो स्थानमा अमेरिका रहेको छ। नेपाली संस्करण कत्तिपनि नपढ्ने भारत अंग्रेजी तेस्रो स्थानमा रहेको छ भने युनाइटेड किङ्डम, कतार, युनाइटेड अरब इमिरेट्स, जापान, कोरिया, आइसल्याण्ड, अस्ट्रेलिया क्रमशः चौथो, पाचौं, छैटौं, सातौं, आठौं, नवौं र दशौं स्थानमा रहेको मोटिगो वेवस्टाटले जनाएको छ।

# आफ्नो ग्रहशान्ति आँफै

ज्योतिष भविष्यवाणी

**पोखरा** : माओवादी पार्टीले संस्कृत भाषाको पढाईलाई नि.मा.वि. तहबाट सक्रिय विरोध गरी हटाइदिएपछि र नेपालका कक्षा ८ उत्तीर्ण छात्र–छात्राले भारतमा गई सिधै पूर्वमध्यमा संस्कृत विषय लिइ पढ्न नपाउने भएपछि नेपालको धार्मिक कर्मकाण्ड क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको छ। तर देशलाई कागजी रुपमा धर्मनिरपेक्षता घोषणा गरिएता पनि धर्म मान्ने र कर्मकाण्ड गर्ने गराउने, ग्रहशान्ति गर्ने गराउने कार्यमा कमि आएको छैन। तर समाजलाई आवश्यक पण्डितको संख्या उपलव्ध हुन नसकि पालैपालो ग्रहशान्ति गराउनुपर्ने बाध्यता समाप्त भएको छ। 'ज्योतिष वैज्ञानिक उपचार' पुस्तकको प्रकाशन पछि पण्डितले जप ठीकसंग गरेकि गरेनन्, जप पूरा भयो कि भएन ? भन्ने चिन्ता अब ग्रहशान्ति गराउनेलाई नपर्ने भएको छ।

दिनभरि चिना हेराउन आउने जो कसै व्यक्तिलाई स्वयं ग्रह शान्ति गर्ने विधि सिकाएर पठाउने व्यवस्था ज्योतिष भविष्यवाणी (साप्ताहिक)ले गरेपछि प्रत्येक चिना हस्तरेखा हेराउन आउने व्यक्तिले आफ्नो ग्रहजप आँफै गर्न लागेका छन्। के बाहुन, के क्षेत्री, गुरुङ तथा मगर जुनसुकै जातजातिलाई स्वयं ग्रहशान्ति गर्न सक्ने गरी दिइएको तालिमले अब प्रत्येक व्यक्ति आफ्नो ग्रहशान्ति आँफै गर्न सक्ने भएका छन्। ज्योतिष भविष्यवाणीका सम्पादक डा.बलराम उपाध्याय रेग्मीद्वारा




तैयार गरिएको ज्योतिष वैज्ञानिक तालिममा आधारित उपचार पुस्तकको सहयोगमा जप गरेपछि कुन सामाग्री दान गर्ने, कुन ग्रहको जप कति गर्ने, कुन दिशा फर्केर गर्ने, दैनिक कति हजारका दरले जप गर्ने विषयको जानकारीका साथै सक्कली र नक्कली औंठीको पहिचान गर्ने विधि समेत रहेको सयौंवर्ष काम लाग्ने पुस्तकको मूल्य हाल एकसय रुपैयाँ कायम गरिएको छ। प्रत्येक दिन कम्तिमा पाँचदेखि १० जनाले लिइरहेको सो ज्योतिष वैज्ञानिक उपचार तालिमबाट आउँदो केही वर्षमा नेपाल अधिराज्य तथा विदेशमा कार्यरत नेपालीभाषी ज्योतिष जिज्ञासु आफ्नो ग्रहशान्ति आँफै गर्न सक्ने पाठ्यक्रम नेपालमा पहिलोपटक लागू गरिएको छ।

खराब ग्रह नहुँदा पनि शनि खराब छ, शंकटा खराब छ, ग्रहजप गराउन यति लाग्छ भनि हजारौं–हजार ठगी गर्नबाट बचाउनका लागि यो पुस्तक सफल रहने विश्वास राखिएको छ।

# मेची–महाकाली मेडियामा माधव

ज्योतिष भविष्यवाणी

**पोखरा** : मेची–महाकाली मेडिया सोसाइटी नेपालको तेस्रो महाधिवेशन पोखरामा सम्पन्न भएको छ। महाधिवेशनले निवर्तमान अध्यक्ष माधव शर्मालाई नै तेस्रो कार्यकालका लागि निर्विरोध निर्वाचित गरेको छ। महाधिवेशनद्वारा निर्विरोध निर्वाचित २७ सदस्यीय कार्यसमितिका पाँच उपाध्यक्ष हरूमध्ये पश्चिमाञ्चलबाट डी.आर.घिमिरे, पूर्वाञ्चलबाट वैद्यनाथ झा, मध्यमाञ्चलबाट देवराज रिमाल, मध्य पश्चिमाञ्चलबाट बालकृष्ण ओली र सुदूर पश्चिमाञ्चलबाट हेमन्त पौडेलका साथै महासचिवमा हरिनारायण गौतम, सचिवमा धमेन्द्र झा र कोषाध्यक्षमा वसन्ती बाँस्तोला निर्विरोध निर्वाचित हुनुभएको छ। सोसाइटीका १४ अञ्चलबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यहरूमा गण्डकीबाट तेजप्रसाद वाग्ले, धौलागिरिबाट माधवराज पाण्डे, मेचीबाट पुष्प बराल, सगरमाथाबाट हेमशंकर सिंह, जनकपुरबाट शैलेन्द्र झा, बाग्मतीबाट चिरञ्जीवि मास्के, नारायणीबाट प्रेमचन्द्र झा, लुम्बिनीबाट हरिनारायण रेग्मी, सेतीबाट शिवराज भाट र महाकालीबाट छत्र साउद निर्विरोध निर्वाचित हुनुभएको छ। महाधिवेशनको बन्दसत्र संचालन गर्न गठित अध्यक्ष मण्डलले नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो। त्यस अवसरमा गठित सल्लाहकार समितिमा बालकृष्ण चापागाईं, गंगाधर पराजुली, शत्रुघन नेपाल, विश्वबन्धु भण्डारी र विष्णु छिमेकी रहेको सोसाईटीले जनाएको छ।

सोसाईटीका नवनिर्वाचित अध्यक्ष




तस्वीर : ज्योतिष भविष्यवाणी

शर्माले आगामी दिनमा पत्रकार र संचार माध्यमको पक्षमा आवाज उठाउने र संस्थाका गतिविधिलाई तीब्रता दिईने बताउनुभयो। महाधिवेशनमा देशका करिव ३० जिल्लाबाट करिब एक सय ५० जना प्रतिनिधि एवं पर्यक्षेकहरू सहभागी थिए। महाधिवेशनले पत्रकारहरूको सुरक्षामा राज्यले ध्यान पुऱ्याउनुपर्ने, द्वन्दको क्रममा हत्या, बेपत्ता भएका पत्रकारलाई न्याय दिनुपर्ने, मोफसलको पत्रकारिताको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि हालै सरकारले ल्याएको समानुपातिक नीतिको कार्यान्वयन सही तरिकाले गरिनुपर्ने र कसैलाई काखा पाखा गर्न नहुनेमा जोड दिएको छ। राजधानी र मोफसलबीचको विभेदकारी विज्ञापन नीतिको अन्त्य गर्नुपर्ने, श्रमजीवि पत्रकार ऐन कार्यान्वयन गर्नुपर्ने र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्नुपर्ने लगायतका ६ बुँदे प्रस्ताव पनि महाधिवेशनले पारित गरेको छ। टेलिफोनबाट महाधिवेशनको उद्घाटन गर्दै ने.क.पा. एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री झलनाथ खनालले राजनीतिक पार्टीहरू छिटो भन्दा छिटो सहमति गरी देशलाई निकास दिने अन्तिम तयारीमा रहेको बताउनुभयो। सोसाइटीका अध्यक्ष माधव शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ने.क.पा. एमालेका वैकल्पिक पोलिट्ब्यूरो सदस्य खगराज अधिकारी, ने.क.पा.–माओवादीका केन्द्रीय सदस्य श्रीनाथ अधिकारी, एमाओवादीका तमुवान राज्य समितिका सदस्य रामजी बराल (जीवन), राप्रपाका केन्द्रीय सदस्य सूर्यबहादुर के.सी., नेपाली कांग्रेसका नेता शुक्रराज शर्मा, प्रेस चौतारीका पूर्व केन्द्रीय अध्यक्ष बालकृष्ण चापागाईं, नेपाल प्रेस युनियनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष गंगाधर पराजुली, प्रेस काउन्सिलका सदस्य किशोर श्रेष्ठ, ने.क.पा. एकीकृतका केन्द्रीय सदस्य केशबहादुर परियार, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य दुर्गा भण्डारी लगायतले बोल्नुभएको थियो।

यसैबीच मेची–महाकाली मेडिया सोसाइटी नेपालद्वारा संचालित 'स्व.टंकादेवी–तुलसीप्रसाद कोइराला स्मृति पत्रकारिता पुरस्कार' बाट कान्तिपुर दैनिकमा कार्यरत पत्रकार ईश्वरी न्यौपाने सम्मानित हुनुभएको छ। सोसाइटीको तेस्रो महाधिवेशनको अवसरमा सम्मानपत्र सहित २० हजार एक रुपैयाँको राशि न्यौपानेलाई प्रदान गरिएको थियो।

# पन्तको 'प्रवाह' लोकापर्ण

ज्योतिष भविष्यवाणी

**पोखरा** : साहित्यकार तथा अधिवक्ता भूपनिधि पन्तको पहिलो कविता संग्रह 'प्रवाह'को शुक्रबार एक समारोहका बीच लोकार्पण गरिएको छ। लमजुङ–पोखरा बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा आयोजित समारोहमा प्रा.डा.पशुपतिनाथ तिमल्सेनाले उक्त कृतिको लोकार्पण गर्नुभएको थियो। सहकारीका अध्यक्ष गजेन्द्रमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृतिको समीक्षा गर्दै सह–प्राध्यापक हुमकान्त पाण्डेले पन्तले इतिहासका विभिन्न कालखण्डका झलक दिने कविताहरू समेटेको बताउनुभयो।

अधिवक्ता, पत्रकार तथा साहित्यकारका रुपमा लामो समयदेखि सक्रिय कवि पन्तको सो सङ्ग्रहमा १९ वटा पद्य, ४३ वटा गद्य कविता तथा ८ वटा गीत समेटिएको छ। सो अवसरमा डा.कुसुमाकर न्यौपाने, तेजनाथ घिमिरे, माधव वियोगीलगायतले मन्तव्य राख्नुभएको थियो। संस्थाका सचिव ईश्वर चिलुवालले स्वागत गर्नुभएको कार्यक्रमको संचालन उपाध्यक्ष कल्याण पन्तले गर्नुभएको थियो।


## पाठकहरूलाई अनुरोध

विगत १५ वर्षदेखि प्रकाशित नेपालकै एकमात्र पहिलो ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी' तपाईंलाई कस्तो लाग्छ ? कृपया सल्लाह, सुझाव, प्रतिक्रिया पठाउनु भएमा हामी प्रकाशित गर्नेछौं। साथै यहाँको ज्योतिष सम्बन्धी, लेख, रचना तथा अन्य समसामयिक सत्य घटनामा आधारित विचारहरू छन् भने हामीलाई पठाउनुहोस्। पठाउने व्यक्तिको एकप्रति फोटो, सम्पर्क ठेगाना र सम्पर्क फोन नम्बर अनिवार्य आवश्यक छ। पत्राचारका लागि ठेगाना : पो.व.नं.२०७, पोखरा, कास्की, नेपाल अथवा E-mail: haripanta@gmail .com मा पनि पठाउन सक्नुहुनेछ।



## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की (बाग्लुङ नयाँ बसपार्कदेखि दोस्रोचोक)

फोन सम्पर्क : ९८४६२१८८१५, ९८४६४६५५०९

### हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डलीको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिदिने।

# धवलागिरि (खण्डकाव्य) प्रकाशित गर्ने

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति नेपालले उप-प्राध्यापक जगन्नाथ रेग्मीद्वारा रचित 'धवलागिरि' खण्डकाव्य प्रकाशन गर्ने भएको छ। धौलागिरि अञ्चलको पर्वत जिल्ला निवासी जगन्नाथ रेग्मीद्वारा रचित उक्त खण्डकाव्य छनौट गर्दा उत्कृष्ट हुन सफल भएकोले सो प्रकाशन विश्वविद्यालयले गर्ने भएको हो। पोखरा नयाँबजारस्थित तनहुँ अफसेट प्रेसबाट प्रकाशित हुने खण्डकाव्य यहि फाल्गुनको अन्तिम साता बजारमा आउने भएको छ। विन्दुवासिनी संस्कृत विद्यापीठ, भीमकालीपाटन पोखरामा प्राध्यापनरत जगन्नाथ रेग्मी पर्वत जिल्लाकोमात्र नभई धौलागिरि अञ्चलकै प्रतिभाशाली छन्दकवि भएको विश्वविद्यालयका संस्थापक अध्यक्ष डा.बलराम उपाध्याय रेग्मीको भनाइ छ।

# पञ्चाङ्गकार जोशीको निधन

✎ज्योतिष भविष्यवाणी

काठमाडौं : महाकाली अञ्चलको कञ्चनपुर भासी निवासी अठोला पञ्चाङ्का संस्थापक पत्राङ्कार जनकराज जोशीको निधन भएको छ। वि.सं.१९८७ श्रावण २५ गतेका दिन जन्मेका जोशीको गत कार्तिक १० गतेका दिन निधन भएको पञ्चाङ्ग निर्णायक समिति नेपालका सचिव पूर्णप्रसाद ढुङ्गेलले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो। सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका एकमात्र पञ्चाङ्गकारको निधनले समस्त नेपाली ज्योतिष वाङमयलाई अपूरणीय क्षति भएको नेपाल ज्योतिष पत्रकार संघका सभापति डा.बलराम उपाध्याय रेग्मीले बताउनुभएको छ। दक्षिण एशियाली ज्योतिष महासंघका सह-अध्यक्ष समेत रहनुभएका डा.रेग्मीले पञ्चाङ्गकार जोशीको निधनले नेपाल राष्ट्रले एक विशिष्ट प्रतिभा गुमाउन पुगेकोमा आँफू मर्माहत भएको बताउनुभयो।

# पोखरामा शर्माको उपन्यास 'ताप'को परिचर्चा

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : उपन्यासकार शारदा शर्माद्वारा लिखित उपन्यास 'ताप' को परिचर्चा कार्यक्रम आइतबार पोखरामा सम्पन्न भएको छ। कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले दर्शन, योग, विपासना, युद्ध जस्ता हरेक क्षेत्रमा जीवनको यथार्थता खोज्दै हिंडेका मानव मनभित्र पनि कहिल्यै मेट्न नसकिने ताप भएको बताएका छन्। नेपाली लेखक संघ कास्कीले आयोजना गरेको परिचर्चा कार्यक्रममा उपन्यासको परिचर्चा गर्दै डा.नारायण चालिसेले स्रष्टा शर्माले मानव जीवनको यथार्थता प्रस्तुत गरेको बताउँदै स्रष्टाले ताप उपन्यासबाट बौद्धिक पम्पराको थालनी गरेको बताउनुभयो। अर्का टिप्पणीकार श्रीधर न्यौपानेले अध्ययन गर्दै जाँदा उपन्यास राम्रो रहेको बताउँदै पाठकले ताप उपन्यासबाट बौद्धिक खुराक प्राप्त गर्ने उल्लेख गर्नुभयो। पछिल्लो समयमा धेरै उपन्यासहरू जन्मिरहेकोमा तापले फरक स्वाद पस्कन सकेकोमा जोड दिनुभयो। डा.तुलसी


तस्वीर : ज्योतिष भविष्यवाणी

भट्टराईले अलग-अलग विचारमा केन्द्रित भएर लेखिएको उपन्यास तापले पाठकलाई गतिलो खुराक दिन सक्ने बताउँदै बौद्ध दर्शन, माओवादी द्वन्द र विपसनासंग सम्बन्धित विषयलाई छुट्याएर तीनवटा उपन्यास सिर्जना गर्न सकिने बताउनुभयो। साहित्यकार एवम् फोटोग्राफर विश्व शाक्यले उपन्यासभित्र बौद्ध दर्शन राखिनु राम्रो रहेको बताउँदै बौद्ध दर्शनको सन्दर्भमा केही अशुद्ध शब्दको चयन भएको बताउनुभयो। 'बौद्ध दर्शनमा जानकारी राख्नेहरूसंग जानकारीमात्र लिएको भएपनि शब्द चयनमा शुद्धता आउने थियो' शाक्यले भन्नुभयो। पीएन क्याम्पका सह-प्राध्यापक एवम् समालोचक यादवराज उपाध्यायले जीवनदेखि हारेका पात्रलाई उपन्यासमा सजीव रुपमा प्रस्तुत गर्नु लेखकको विशेषता भएको औंल्याउनुभयो। साहित्यकार सूर्य खड्का बिखर्चीले बौद्धिक पक्ष समेटिएको उपन्यासको बजार प्रवर्द्धन राम्रो हुनुपर्ने सुझाव दिनुभयो। कार्यक्रममा आफ्नो मन्तव्य राख्दै स्रष्टा शारदा शर्माले दुःख र मेहनत गरी जन्माएको कृतिको सकारात्मक र नकारात्मक पक्षको चर्चा गर्ने जिम्मा पाठकलाई नै दिने भन्दै स्रष्टाले आँफूले जन्माएको सन्तान भने राम्रै होस् भन्ने चाहना राख्ने बताउनुभयो। नेपाली लेखक संघ कास्कीका अध्यक्ष डा.लक्ष्मीशरण अधिकारीले मानव जीवन र मान्छेको मनभित्रको तापलाई उपन्यास 'ताप'ले यथार्थ रुपमा प्रस्तुत गरेको बताउनुभयो। पुरानो र नयाँ पुस्ताबीचको भिन्न विचार, शान्ति र अमनचयन खोज्दै योग साधना जस्ता क्षेत्रमा आवद्ध मानव मनमा पनि विकृति र विसंगतिको ताप हुने कुरा उपन्यासले छर्लङ्ग पारेको अधिकारीले बताउनुभयो। संघका अध्यक्ष डा.लक्ष्मीशरण अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका उपाध्यक्ष भानु कंडेल र सदस्य तुलसी प्रवासले पनि बोल्नुभएको थियो। स्रष्टा शर्माको कविता संग्रह सीमान्त अनुभूति, युद्धोपरान्त, र स्वर्णसूर्य, कथा संग्रह आस्थाको भग्नावेश, समिक्षा ग्रन्थ विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र, निबन्ध अग्नीस्पर्श लगायतका कृति बजारमा आईसकेका छन्। चालिसको दशकदेखि नै नेपाली साहित्यमा प्रवेश गर्नुभएकी शर्माले कथा, निबन्ध, कविता, उपन्यास जस्ता विधामा कलम चलाउनुका साथै फुटकर रुपमा विभिन्न लेखरचनाहरू पनि प्रकाशित गर्नुभएको छ।

# गीताञ्जलीमा 'युगको सन्देश' लोकार्पण

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : कवि होमनाथ पाठकद्वारा रचित युगको सन्देश कविता संग्रहको शनिबार पोखरामा लोकार्पण गरिएको छ। साहित्य क्षेत्रमा सक्रिय संस्था गीताञ्जली साहित्य परिवार पोखराको आयोजनामा उक्त कविता संग्रहको लोकार्पण गरिएको हो। कृतिको लोकार्पण गर्दै साहित्यकार तथा लेखिका शारदा शर्माले काठमाडौंभन्दा बाहिर बढी साहित्य सृजना हुने गरेको बताउनुभयो। उहाँले कविता लेख्नु भनेको मानिसमा आउने भावलाई उजागर गर्नु भएको बताउँदै पोखरा साहित्यको चेतना भएकाले देशलाई नै चतना दिनुपर्नेमा जोड दिनुभयो। परिवारका अध्यक्ष कृष्ण भण्डारी 'मुमुक्षु' को अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृतिको समीक्षा गर्दै प्रा.डा. भवानी पाण्डेले कवितामा स्रष्टाको भाव सरल तरिकाले बगेको बताउँदै कृतिलाई पाठकले मन पराएमा दीगो हुने बताउनुभयो। उहाँले केही समय अघि साहित्यमा एक




खालको ठेक्का रहेकोले त्यस्तो प्रवृत्ति तोडिन थालेको बताउनुभयो। कृतिका स्रष्टा होमनाथ पाठकले लामो समयदेखिको आफ्नो प्रयास सार्थक भएको बताउँदै आगामी दिनमा समेत साहित्यमा खुलेर लाग्ने बताउनुभयो। कार्यक्रममा परिवारका उपाध्यक्ष शिवप्रसाद गौतम, नेपाली लेखक संघ पश्चिमाञ्चल संयोजक डा. कुशुमाकर न्यौपाने लगायतले बोल्नुभएको थियो। वि.सं.२०२७ सालमा बाग्लुङमा जन्मिनुभएका युग सन्देशका स्रष्टा होमनाथ पाठक पोखराको पीएन क्याम्पसको वनस्पति शास्त्र विषयमा प्राध्यापनरत हुनुहुन्छ। पोखराको कृष्ण पब्लिकेशनले प्रकाशन गरेको कविता संग्रह युगको सन्देशमा विभिन्न विधाका ६१ कविता संग्रहित रहेका छन्। कविता संग्रहमा सामाजिक, राजनीतिक कुरीति, प्रेमभाव, देशको कालखण्ड, नारीको वेदना लगायत विभिन्न लोक संस्कृतिसंग सम्बन्धित कविता रहेका छन्। यसैबीच गीताञ्जली साहित्य परिवारले प्रत्येक महिनाको पहिलो शनिबार गर्दै आइरहेको १२३औं साधना प्रभात समेत सम्पन्न भएको छ। कार्यक्रममा साहित्यकारहरू शंकर ज्ञवाली, तोयनाथ कोइराला, गोर्खे साइला, प्रतिभा शर्मा, नारायण बाँस्तोला, शरण आँशु, पदमराज ढकाल, शोभाकान्त गौडेल, तीर्थराज अधिकारी, सुजन गिरी, विनायक शर्मा, सुष्मा पौडेल, हरि पन्त, स्मृति ओझालगायतले रचना वाचन गर्नुभएको थियो। कार्यक्रमको संचालन परिवारकी सह-सचिव लक्ष्मी थापाले गर्नुभएको थियो।

# लेखनाथ महोत्सवमा २० करोड कारोबार

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : माघ २६ गतेदेखि संचालित लेखनाथ महोत्सव मंगलबार सम्पन्न भएको छ। आयोजक संस्था लेखनाथ उद्योग वाणिज्य संघले मेलामा २० करोडको कारोबार भएको दावी गरेको छ। महोत्सवमा आयोजकको अपेक्षाभन्दा बढी दर्शकद्वारा अवलोकन र २० करोडको कारोबार भएको संघले बताएको छ। महोत्सवको समापनका अवसरमा बोल्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा.युवराज खतिवडाले कृषि उत्पादनलाई जोड दिंदै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि मेला तथा महोत्सव उपयोगी हुने बताउनुभयो। लेखनाथ महोत्सव नेपालकै उत्कृष्ट महोत्सवका रुपमा मानिएको धारणा व्यक्त गर्दै खतिवडाले साना तथा मझौला व्यवसायीहरूको हक हितका लागि महोत्सवले उदाहरणीय काम गरेको बताउनुभयो। १२ दिनसम्म संचालन भएको महोत्सवले उद्यमशिलता विकासका लागि लागानीका सम्भावनाहरूको खोजी गर्न टेवा पुगेको गभर्नर खतिवडाको भनाइ थियो। लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष तथा महोत्सव मूल संयोजक सुमनमोहन भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले अबको आवश्यकता भनेको व्यवसायिक उत्पादन र कृषिको प्रबर्द्धन गर्नु रहेको बताउनुभयो। लेखनाथ उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य, द्वितीय उपाध्यक्ष एवम् प्रचार-प्रसार समिति संयोजक लक्ष्मीप्रसाद त्रिपाठी तथा सल्लाहकार नेत्रपाणि बाँस्तोला लगायतले लेखनाथको विकासका लागि महोत्सव फलदायी भएको धारणा व्यक्त गर्नुभएको थियो। लेखनाथ महोत्सवको मुख्य आकर्षणका रुपमा रहेको जोडी नृत्य प्रतियोगितामा लेखनाथ-१३ का पुकार श्रेष्ठ र कविता वि.क.को जोडीले प्रथम स्थान हासिल गरेर ४० हजार रुपैयाँको पुरस्कार हात पारे। लेखनाथ-३ का विधान गुरुङ र प्रियङ्का पुनले द्वितीय स्थान तथा पोखरा-९, न्यूरोडका जस्मीन पुन र मीना पुनले तृतीय स्थान प्राप्त गरे पनि रत्यौली प्रतियोगितामा तोरीचौर आमा समूह भरतपोखरी प्रथम भएका छन्।

# कानून...

कार्यक्रममा नागरिक समाज संजालका विष्णु बराल, जिल्ला बार कास्कीका अध्यक्ष अधिवक्ता कमल अर्याल, गैसस महासंघका केन्द्रीय सदस्य रामप्रसाद सुवेदी, जिल्ला न्यायाधीवक्ता खड्क के.सी., स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोला, राष्ट्रिय अनुसन्धान कार्यालय पोखराका निर्देशक राजेन्द्र खत्री, ने.क.पा. एमाले क्षेत्रीय अध्यक्ष धनबहादुर नेपाली लगायतले कानून, विधिको शासन एवम् मानवअधिकारलाई सबैले आत्मसाथ गर्नुपर्नेमा जोड दिनुभएको थियो। कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै इन्सेक पोखराका संयोजक शिव खकुरेलले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रम संचालन इन्सेक प्रतिनिधि गणेश भण्डारीले गर्नुभएको थियो। यसैबीच यसवर्ष इन्सेकको सूचना सम्प्रेषणमा उत्कृष्ट भूमिका निर्वाह गरेको भन्दै इन्सेक प्रतिनिधि सनबहादुर थापालाई नगद तथा प्रमाणपत्रले पुरस्कृत गरिएको छ। यसैबीच पश्चिमाञ्चल विकास क्षेत्रमा शान्ति सम्झौताको ६ वर्ष यता यो वर्ष (२०१२) मा सबैभन्दा बढी मानवअधिकारका घटना घटेका छन्। इन्सेकले पश्चिमाञ्चलका १६ जिल्लामा यसवर्ष तीनसय ४१ घटना घटेको र पाँचसय ५५ जना नागरिक त्यस घटनाबाट पीडित भएको तथ्य निकालेको छ। गतवर्ष तीनसय १४ सोही प्रकृतिका घटना घटेकोमा चारसय १६ जना नागरिक त्यस घटनाबाट पीडित बन्न पुगेका थिए। त्यस घटनामा परी राज्यपक्षबाट दुई जना र गैरराज्य पक्षबाट ३२ जनाको हत्या भएको इन्सेक प्रतिवेदनले देखाएको छ। जसमध्ये पुरुषको संख्या १८ र महिला ३४ रहेका छन्। यसवर्ष पश्चिमाञ्चलको नवलपरासी जिल्लामा सबैभन्दा बढी र मनाङ जिल्लामा कुनैपनि मानवअधिकार हननका घटना भएका छैनन्। यसवर्ष मानवअधिकार विरुद्धको घटनाबाट पीडित हुने महिलाको संख्यामा समेत वृद्धि भएको छ। गतवर्ष ६ सय ४८ रहेकोमा यसवर्ष बढेर नौसय ११ पुगेको छ। जसमा १२ महिला दाइजोको निहुँमामात्र हत्या भएका छन् भने एकसय ४० महिला जबर्जस्ती करणीबाट पीडित भएका छन्। त्यस्तै यौनिक हिंसाबाट यसवर्ष तीनसय ९८ जना बालबालिका पीडित भएको इन्सेक प्रतिवेदनले देखाएको छ।


## वरिष्ठ ज्योतिष भविष्यवक्ता/अधिवक्ता

### ज्यो.डा.बलराम उपाध्याय रेग्मी

एम.ए.(अंग्रेजी),जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष महामहोपाध्याय(डी.लिट्) मानार्थ

**कार्यालय** : ज्योतिष भविष्यवाणी, पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल

**भेट्ने समय** : बिहान १० बजेदेखि १२ बजेसम्म/ दिनमा १ देखि बेलुकी ५ बजेसम्म/

नोट : प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय पूर्णरुपमा बन्द रहनेछ।

ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि सम्पर्क फोन नं. ९८५६०२०९१४, ९८५६०३०९१४ ९७२६१५३६८४, ०६१-५४०३४७

# व्यवसायी कुँवरद्वारा प्रेस युनियनलाई सहयोग

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल प्रेस युनियन कास्की शाखाले संचालन गरेको पत्रकारिता पुरस्कारका लागि स्थापित १० लाखको अक्षयकोषमा पोखराका व्यवसायी ईन्द्र कुँवरले २५ हजार पाँचसय ५५ रुपैयाँ थपिदिनुभएको छ । प्रजातन्त्र दिवसको अवसर पारेर नेपाली कांग्रेस कास्कीका जिल्ला सदस्य समेत रहनुभएका व्यवसायी ईन्द्र कुँवरले सोमबार प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बराललाई सो सहयोग रकम हस्तान्तरण गर्नुभएको थियो ।

प्रजातान्त्रिक सञ्चारको विकासका लागि आफूले युनियनलाई आर्थिक सहयोग प्रदान गरेको सहयोगदाता ईन्द्र कुँवरले बताउनुभयो । विगत १५ वर्षदेखि व्यवसायमा संलग्न व्यवसायी कुँवर पोखरा उद्योग वाणिज्य संघका एशोसिएट सदस्य समेत हुनुहुन्छ ।

'अहिलेको संक्रमणकालीन अवस्थामा पत्रकारिता पनि त्यस्तै संकटमा परेको छ र यो प्रजातान्त्रिक हुन आवश्यक छ' कुँवरले भन्नुभयो–'त्यसैले प्रजातान्त्रिक पत्रकारिताको विकासका लागि मैले सहयोग गरेको हुँ ।' पोखराको नयाँबजारस्थित कुँवर ग्रुपका अध्यक्ष ईन्द्र कुँवरले आफूले विभिन्न सामाजिक कार्यका लागि सहयोग गर्दै आएको र त्यसलाई सधैं निरन्तरता दिईरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



**सहयोगी हात** : प्रेस युनियन कास्कीलाई सहयोग रकम हस्तान्तरण गर्दै व्यवसायी ईन्द्र कुँवर र ग्रहण गर्दै प्रेस युनियन कास्की अध्यक्ष शिरोमाणि बराल । साथमा पत्रकार हेमराज बराल(बीचमा) । तस्वीर : ज्योतिष भविष्यवाणी

सहयोग रकम ग्रहण गर्दै नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालले कुँवरको सहयोगलाई 'प्रेस युनियन पत्रकारिता कोष'मा जम्मा गरिने जानकारी दिंदै साँचो प्रजातान्त्रिक पत्रकारितामा लगाइने प्रतिवद्धता व्यक्त गर्नुभयो । कोषमा अहिलेसम्म विभिन्न व्यक्तिहरूको सहयोगमा करिब ५ लाख रुपैयाँ जम्मा भैसकेको समेत उहाँले जानकारी दिनुभयो ।

प्रजातन्त्र दिवसको अवसर पारेर कुँवरले उपलब्ध गराएको सहयोग रकम प्रजातान्त्रिक पत्रकारिताको विकासका लागि महत्वपूर्ण हुने प्रेस युनियनका कास्की अध्यक्ष बरालको भनाइ थियो । कार्यक्रममा प्रेस युनियन कास्कीसंग सम्बन्धित संचारकर्मीहरूको समेत सहभागिता रहेको थियो ।

# रत्न–श्रेष्ठ पुरस्कारद्वारा साहित्यकारहरू सम्मानित

**दिनेश सापकोटा/ज्यो.भ.**

**बाग्लुङ** : मोफसलको जेठो रत्न–श्रेष्ठ पुरस्कार गुठी बागलुङले सोमबार एक कार्यक्रमकाबीच विभिन्न विधाका सात साहित्यकार हरूलाई सम्मानित गरेको छ । संस्थाको १७औं रत्न–श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कारबाट ६ जना र राष्ट्रिय सम्मानबाट एक वरिष्ठ भाषासेवीलाई सम्मान गरेको छ । सम्मानित हुनेहरूमा गद्यविधातर्फ 'पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास' ग्रन्थका रचनाकार डा.नारायण चालिसे, पद्यविधातर्फ 'सीमान्त अक्षरहरू' नामक संयुक्त कविता संग्रहका पाँच स्रष्टा गणेशकुमार जिसी, जगन्नाथ पौडेल 'नूतन', भरत विवश पौडेल, आर.के. अदिप्त गिरी र वैभवदीप श्रेष्ठ रहनुभएको छ ।

पुरस्कारको राशि दुवै कृतिका लागि १५/१५ हजार रुपयाँ रहेको छ । गुठीले वरिष्ठ भाषासेवी तथा साहित्यकार डा.तुलसी भट्टराईलाई रत्न–श्रेष्ठ राष्ट्रिय सम्मान प्रदान गरेको छ ।

भट्टराईलाई डा.डिल्लीरमण पुरस्कार प्रतिष्ठानका अध्यक्ष तथा राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका सदस्य प्रेम छोटाले सम्मान गर्नुभएको थियो । सो अवसरमा स्वर्गीय टीका बहादुर मल्लद्वारा लिखित 'स्वर्गीय टीका मल्लका कविता' कविता तथा भजन संग्रह, याम ढुंगानाद्वारा लिखित 'धौलागिरिको काखमा' संस्मरण संग्रह र डा.तुलसी भट्टराईद्वारा लिखित 'सुखी छौं, खुशी छैनौं' यात्रा साहित्यको क्रमशः प्रमुख जिल्ला अधिकारी महादेव पन्थ, डा.तुलसी भट्टराइ र प्रेम छोटाले लोकापर्ण गर्नुभएको थियो ।

तीनलाख अक्षयकोष रहेको गुठीले यस वर्षदेखि बढाएर ५ लाख पुऱ्याएको सो अवसरमा जानकारी गराईएको थियो । कार्यक्रममा डा.तुलसी भट्टराई, सम्मानित व्यक्तित्व डा.नारायण चालिसे, प्रमुख जिल्ला अधिकारी महादेव पन्थ, बागलुङ नगरपालिकाका कार्यकारी अधिकृत यदुनाथ पौडेल, बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष वसन्तकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ बागलुङका उपाध्यक्ष मुकेशचन्द्र राजभण्डारी, सम्मानित स्रष्टा गणेश कुमार जिसी, पौलस्य साहित्य संगम म्याग्दीका अध्यक्ष भक्त कार्की लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । गुठीका संस्थापक संरक्षक प्रेम छोटाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत वरिष्ठ अधिवक्ता पद्मनाथ शर्मा, पुस्तकको समिक्षा धौलागिरि बहुमुखी क्याम्पसका प्रमुख आनन्दराज सिलवाल र संचालन सदस्य सचिव महेशचन्द्र प्रधानले गर्नुभएको थियो ।

# नेपालका दश पञ्चाङ्गलाई प्रकाशन स्वीकृति

**ज्योतिष भविष्यवाणी**

**काठमाडौं** : नेपाली फलित ज्योतिषको इतिहासमा करीब २५ हजार ज्योतिषी कार्यरत रहेता पनि नेपाली पञ्चाङ्ग विधाको फाँटमा दशजना रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका सचिव तथा सूर्य पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो । वि.सं.१९४१ देखि प्रारम्भ भएको नेपाली पञ्चाङ्ग गणनाको इतिहासमा आजसम्म पनि दर्जन पञ्चाङ्गकार नाघ्न सकेको अवस्थामा छैन । यो वर्ष २०७०मा नेपाल पञ्चाङ्ग निर्णायक समितिद्वारा प्रकाशन निमित्त स्वीकृति प्राप्त गर्नेमा सूर्य, तोयनाथ, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, बालकृष्ण, आकाश दर्शन, वगलामुखी पञ्चाङ्ग रहेका छन् । नेपाल सरकारद्वारा स्वीकृति प्राप्त यी पञ्चाङ्ग बाहेक ज्यो.धर्मराज रेग्मीद्वारा निजि प्रयासमा धर्मोदय पञ्चाङ्ग समेत प्रकाशन हुने बताइएको छ ।


# ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ। अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी–खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट–४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार

कार्यालय : पोखरा–२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com

Website: www .jbweekly .com, www .Facebook .com/jbweekly



# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०७० को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।

अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान, प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१ ।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१ ।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

७) तालिमको नाम - मुहूर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) नवौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) १०औं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१ ।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम् सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet .com .np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**प्राचार्य**
**डा. बलराम उपाध्याय रेग्मी**
**पोखरा ज्योतिष महाविद्यालय**
**सम्पर्क** : ९८५६०२०९१४, ९८५६०३०९१४
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet .com .np
Website: www.jbweekly.com

प.क्षे.हु.नि.द.नं.१/२०६९, कास्की, झापा, इलाम, सुनसरी, मोरङ, काठमाडौं, तनहुँ, पर्वत, बाग्लुङ, चितवन, स्याङ्जा, कैलाली, नवलपरासी, रुपन्देहीका हुलाकबाट समेत पत्रिका वितरण हुनेछ ।



# दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/११/१०<br>Feb.21, 2012 | बिहान ६:३८ बजेदेखि ८:०८ बजेसम्म शुभ/बिहान ८:०८ बजेदेखि ९:३८ बजेसम्म रोग/बिहान ९:३८ बजेदेखि ११:०८ बजेसम्म उद्वेग/बिहान ११:०८ देखि १२:३८ बजेसम्म चर/दिनमा १२:३८ देखि २:०८ बजेसम्म लाभ/दिनमा २:०८ बजेदेखि ३:३८ बजेसम्म अमृत/दिनमा ३:३८ देखि ५:०८ बजेसम्म काल/बेलुकी ५:०८ देखि ६:३८ बजेसम्म शुभ । |
| शुक्रबार<br>२०६९/११/११<br>Feb.22, 2012 | बिहान ६:३७ बजेदेखि ८:१७ बजेसम्म चर/बिहान ८:१७ बजेदेखि ९:३७ बजेसम्म लाभ/बिहान ९:३७ बजेदेखि ११:१७ बजेसम्म अमृत/बिहान ११:१७ देखि १२:३७ बजेसम्म काल/दिनमा १२:३७ देखि २:१७ बजेसम्म शुभ/दिनमा २:१७ बजेदेखि ३:३७ बजेसम्म रोग/दिनमा ३:३७ देखि ५:१७ बजेसम्म उद्वेग/बेलुकी ५:१६ देखि ६:३७ बजेसम्म चर । |
| शनिबार<br>२०६९/११/१२<br>Feb.23, 2012 | बिहान ६:३६ बजेदेखि ८:०६ बजेसम्म काल/बिहान ८:०६ बजेदेखि ९:३६ बजेसम्म शुभ/बिहान ९:३६ बजेदेखि ११:०६ बजेसम्म रोग/बिहान ११:०६ देखि १२:३६ बजेसम्म उद्वेग/दिनमा १२:३६ देखि २:०६ बजेसम्म चर/दिनमा २:०६ बजेदेखि ३:३६ बजेसम्म लाभ/दिनमा ३:३६ देखि ५:०६ बजेसम्म अमृत/बेलुकी ५:०६ देखि ६:३६ बजेसम्म काल । |
| आइतबार<br>२०६९/११/१३<br>Feb.24, 2012 | बिहान ६:३५ बजेदेखि ८:०५ बजेसम्म उद्वेग/बिहान ८:०५ बजेदेखि ९:३५ बजेसम्म चर/बिहान ९:३५ बजेदेखि ११:०५ बजेसम्म लाभ/बिहान ११:०५ देखि १२:३५ बजेसम्म अमृत/दिनमा १२:३५ देखि २:०५ बजेसम्म काल/दिनमा २:०५ बजेदेखि ३:३५ बजेसम्म शुभ/दिनमा ३:३५ देखि ५:०५ बजेसम्म रोग/बेलुकी ५:०५ देखि ६:३५ बजेसम्म उद्वेग । |
| सोमबार<br>२०६९/११/१४<br>Feb.25, 2012 | बिहान ६:३५ बजेदेखि ८:०५ बजेसम्म अमृत/बिहान ८:०५ बजेदेखि ९:३५ बजेसम्म काल/बिहान ९:३५ बजेदेखि ११:०५ बजेसम्म शुभ/बिहान ११:०५ देखि १२:३५ बजेसम्म रोग/दिनमा १२:३५ देखि दिनमा २:०५ बजेसम्म उद्वेग/दिनमा २:०५ बजेदेखि ३:३५ बजेसम्म चर/दिनमा ३:३५ देखि ५:०५ बजेसम्म लाभ/बेलुकी ५:०५ देखि ६:३५ बजेसम्म अमृत । |
| मंगलबार<br>२०६९/११/१५<br>Feb.26, 2013 | बिहान ६:३४ बजेदेखि ८:०४ बजेसम्म रोग/बिहान ८:०४ बजेदेखि ९:३४ बजेसम्म उद्वेग/बिहान ९:३४ बजेदेखि ११:०४ बजेसम्म चर/बिहान ११:०४ देखि १२:३४ बजेसम्म लाभ/दिनमा १२:३४ देखि २:०४ बजेसम्म अमृत/दिनमा २:०४ बजेदेखि ३:३४ बजेसम्म काल/दिनमा ३:३४ देखि ५:०४ बजेसम्म शुभ/बेलुकी ५:०४ देखि ६:३४ बजेसम्म रोग । |
| बुधबार<br>२०६९/११/१६<br>Feb.27, 2013 | बिहान ६:३३ बजेदेखि ८:०३ बजेसम्म लाभ/बिहान ८:०३ बजेदेखि ९:३३ बजेसम्म अमृत/बिहान ९:३३ बजेदेखि ११:०३ बजेसम्म काल/बिहान ११:०३ देखि १२:३३ बजेसम्म शुभ/दिनमा १२:३३ देखि २:०३ बजेसम्म रोग/दिनमा २:०३ बजेदेखि ३:३३ बजेसम्म उद्वेग/दिनमा ३:३३ देखि ५:०३ बजेसम्म चर/बेलुकी ५:०३ देखि ६:३३ बजेसम्म लाभ । |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/११/१०<br>Feb.21, 2012 | बेलुकी ६:३८ बजेदेखि ८:०८ बजेसम्म अमृत/साँझ ८:०८ बजेदेखि ९:३८ बजेसम्म चर/राति ९:३८ बजेदेखि ११:०८ बजेसम्म रोग/राति ११:०८ देखि १२:३८ बजेसम्म काल/राति १२:३८ देखि २:०८ बजेसम्म लाभ/राति २:०८ बजेदेखि ३:३८ बजेसम्म उद्वेग/राति ३:३८ देखि ५:०८ बजेसम्म शुभ/बिहानमा ५:०८ देखि ६:३८ बजेसम्म अमृत । |
| शुक्रबार<br>२०६९/११/११<br>Feb.22, 2012 | बेलुकी ६:३७ बजेदेखि ८:०७ बजेसम्म रोग/साँझ ८:०७ बजेदेखि ९:३७ बजेसम्म काल/राति ९:३७ बजेदेखि ११:०७ बजेसम्म लाभ/राति ११:०७ देखि १२:३७ बजेसम्म उद्वेग/राति १२:३७ देखि २:०७ बजेसम्म शुभ/राति २:०७ बजेदेखि ३:३७ बजेसम्म अमृत/राति ३:३७ देखि ५:०७ बजेसम्म चर/बिहानमा ५:०७ देखि ६:३७ बजेसम्म रोग । |
| शनिबार<br>२०६९/११/१२<br>Feb.23, 2012 | बेलुकी ६:३६ बजेदेखि ८:०६ बजेसम्म लाभ/साँझ ८:०६ बजेदेखि ९:३६ बजेसम्म उद्वेग/राति ९:३६ बजेदेखि ११:०६ बजेसम्म शुभ/राति ११:०६ देखि १२:३६ बजेसम्म अमृत/राति १२:३६ देखि २:०६ बजेसम्म चर/राति २:०६ बजेदेखि ३:३६ बजेसम्म रोग/राति ३:३६ देखि ५:०६ बजेसम्म काल/बिहानमा ५:०६ देखि ६:३६ बजेसम्म लाभ । |
| आइतबार<br>२०६९/११/१३<br>Feb.24, 2012 | बेलुकी ६:३५ बजेदेखि ८:०५ बजेसम्म शुभ/साँझ ८:०५ बजेदेखि ९:३५ बजेसम्म अमृत/राति ९:३५ बजेदेखि ११:०५ बजेसम्म चर/राति ११:०५ देखि १२:३५ बजेसम्म रोग/राति १२:३५ देखि २:०५ बजेसम्म काल/राति २:०५ बजेदेखि ३:३५ बजेसम्म लाभ/राति ३:३५ देखि ५:०५ बजेसम्म उद्वेग/बिहानमा ५:०५ देखि ६:३५ बजेसम्म शुभ । |
| सोमबार<br>२०६९/११/१४<br>Feb.25, 2012 | बेलुकी ६:३५ बजेदेखि ८:०५ बजेसम्म चर/साँझ ८:०५ बजेदेखि ९:३५ बजेसम्म रोग/राति ९:३५ बजेदेखि ०५:०५ बजेसम्म काल/राति ०५:०५ देखि १२:३५ बजेसम्म लाभ/राति १२:३५ देखि २:०५ बजेसम्म उद्वेग/राति २:०५ बजेदेखि ३:३५ बजेसम्म शुभ/राति ३:३५ देखि ५:०५ बजेसम्म अमृत/बिहानमा ५:०५ देखि ६:३५ बजेसम्म चर । |
| मंगलबार<br>२०६९/११/१५<br>Feb.26, 2013 | बेलुकी ६:३४ बजेदेखि ८:०४ बजेसम्म काल/साँझ ८:०४ बजेदेखि ९:३४ बजेसम्म लाभ/राति ९:३४ बजेदेखि ११:०४ बजेसम्म उद्वेग/राति ११:०४ देखि १२:३४ बजेसम्म शुभ/राति १२:३४ देखि २:०४ बजेसम्म अमृत/राति २:०४ बजेदेखि ३:३४ बजेसम्म चर/राति ३:३४ देखि ५:०४ बजेसम्म रोग/बिहानमा ५:०४ देखि ६:३४ बजेसम्म काल । |
| बुधबार<br>२०६९/११/१६<br>Feb.27, 2013 | बेलुकी ६:३३ बजेदेखि ८:०३ बजेसम्म उद्वेग/साँझ ८:०३ बजेदेखि ९:३३ बजेसम्म शुभ/राति ९:३३ बजेदेखि ११:०३ बजेसम्म अमृत/राति ११:०३ देखि १२:३३ बजेसम्म चर/राति १२:३३ देखि २:०३ बजेसम्म रोग/राति २:०३ बजेदेखि ३:३३ बजेसम्म काल/राति ३:३३ देखि ५:०३ बजेसम्म लाभ/बिहानमा ५:०३ देखि ६:३३ बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

(फाल्गुन १० गते बिहीबारदेखि १६ गते बुधबारसम्म)
(From Feb.21, to 27, 2013)

*ज्यो.सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषः तपाईंलाई यो हप्ता स्वास्थ्यले राम्रो साथ दिने छ । आर्थिक दृष्टिकोणले यो हप्ता उपयोगी बित्ने छ । कीर्ति बढ्ने काममा लगानी गर्ने शुभ अवसर पाइने छ । मानसिक शान्ति तथा आरामपूर्वक सोचेका, शुरु गरेका काम सम्पन्न हुनेछन् । शैक्षिक क्षेत्रमा लगानी आज बिहीबार गरेमा राम्रो हुनेछ भने मंगलबारबाट समय खराब हुन सक्ने भएकाले सतर्क आवश्यक छ ।

२. वृषःतपाईंका लागि यो हप्ता स्वास्थ्य सुरक्षित छैन । यो हप्ता महत्वपूर्ण काम, टाढाको यात्रा नगर्दा नै राम्रो हुनेछ । आफन्तबाट तपाईंप्रति षड्यन्त्र हुनसक्ने सम्भावना बलियो रहेको छ । यो हप्ता आर्थिक दृष्टिकोणले घाटामा परिनेछ । पारिवारिक झै–झगडामा समेत फसिने हुँदा चनाखो रहनु राम्रो हुनेछ । नयाँ काममा लगानी बुधबार र बिहीबारमात्र गरेमा शुभ हुने देखिएको छ ।

३. मिथुनःतपाईंलाई यो हप्ता आकस्मिक रूपमा नगद प्राप्त हुनेछ । अचल सम्पत्तिबाट लाभ पाइने समय छ । स्वास्थ्यको हिसाबले राम्रै रहने छ । आदर–सत्कार, प्रतिष्ठा बढाउने काममा लगानी विद्यार्थीहरूलाई उच्चतम् लाभ मिल्ने, नयाँ रोजगारीको अवसर मिल्ने छ । नवीन कार्यको थालनी गर्दा उचित लाभ पाइनेछ भने सोमबार मंगलबारको समय खराब रहनेछ ।

४. कर्कः तपाईंलाई यो हप्ता आफन्त इष्टमित्र, दाजुभाईमा कसैबाट वैमनश्यता, शत्रूता पारिदिने सम्भावना बलियो छ । मन चञ्चल, गर्न खोजेका काममा रोकावट, स्वास्थ्य पनि त्यति भरपर्दो नरहने, नयाँ पेशाको थालनीका लागि पनि यो हप्ता त्यति राम्रो छैन । चोटपटक लाग्ने सम्भावना पनि छ । आइतबार र सोमबार केही शुभ भएपनि जुनसुकै काम गर्दा सतर्क रहनु आवश्यक छ ।

५. सिंहःतपाईंलाई यो हप्ता आम्दानीका नयाँ स्रोत थपिंदै जानेछन् । नयाँ–नयाँ कार्ययोजना बनाउँदा लाभ पाइने छ । सुन, जमीन, फलफूल सम्बन्धी पेशामा लाभ पाइने देखिन्छ । पद र पैसाभन्दा प्रतिष्ठासंग गाँसिएका काममा लगानी हुन सक्नेछ । आगामी बुधबार समय शुभ रहेकाले समयको सही सदुपयोग गर्न सके उच्चतम् लाभ हासिल गर्न सकिनेछ ।

६. कन्याःतपाईंको यो हप्ता स्वास्थ्य राम्रो रहने छैन । जति राम्रो काम गर्नुहोस्, आफैंलाई सन्तुष्टि नमिल्ने देखिन्छ । यो हप्ता टाढाको यात्रा गर्नु पनि उचित छैन । जुनसुकै काममा बिघ्नबाधा आउन सक्ने देखिन्छ । सानो कुरामा चित्त दुख्ने बानीले सामाजिक जनजीवनमा अप्ठ्यारो पनि पार्न सक्ने छ । सोमबार र मंगलबारका दिन केही शुभ भएता पनि पश्चिम दिशाको यात्रा नगर्नुहोला ।

७. तुलाःयो हप्ता तपाईंलाई आफन्त व्यक्तिसँगै विवाद पर्ने सम्भावना छ । मानसिक चञ्चलपनले पेशागत हानी हुने सम्भावना बलियो छ । गर्न खोजेका काममा बिघ्नबाधा धेरै देखा पर्नेछन् । स्वास्थ्यले साथ नदिन पनि सक्छ । आकस्मिक रोगले दुःख दिने हुनाले खानपान लगायत हरेक कार्यमा सतर्क हुनुहोला । यो हप्ता नयाँ काम शुरु गर्न र टाढाको यात्रा गर्नु उचित छैन ।

८. वृश्चिकःयो हप्ता तपाईंको अनावश्यक कार्यमा खर्च गर्न मन लाग्ने, निरासका भावना मनमा उठ्नेछन् । प्रेमिका समेत तपाईंसंग खुशी हुनसक्ने छैनन् । आम्दानी पनि भने जस्तो नहुँदा पारिवारिक तनाव बढ्न सक्नेछ । गरेको कामबाट जस नपाइने, मानसिक चिन्ता बढ्ने काम अरुबाट हुनेछ, आफन्तले नै कुरा काट्नेछन् भने हप्ताको अन्तिमतिरको समय सुधार भएर आउनेछ ।

९. धनुः तपाईंका लागि यो हप्ता कुनै व्यक्ति मार्फत धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ । मानसिक शान्ति र आराम मिल्ने समय चलिरहेको छ । जमिनसम्बन्धी जुनसुकै पेशा अथवा नगदेवालीमा आधारित कामबाट फाइदा राम्रै पाइने देखिन्छ । पुराना इष्टमित्र एक्कासी भेट होलान् । यो हप्ता तपाईं जे चाहनु हुन्छ त्यो काम बन्ने छ । समग्रमा समय शुभ छ ।

१०. मकरःयो हप्ता तपाईंलाई स्वास्थ्यले साथ राम्रै दिनेछ । मनमा फूर्ति र उत्साह बढेकै हुनेछ । काममा जाँगर बढ्नेछ, जागीर खाने ईच्छा भएमा प्रयास गर्नुहोस् सफलता मिल्ने छ । तपाईंले आँटेका सबै काममा राम्रो सफलता, परिश्रम अनुसारको आर्थिक लाभ राम्रो पाउनु हनेछ । बुधबार र बिहीबार विषेश शुभ रहेकाले धार्मिक कार्यमा लगानी गरेमा लाभ तथा पुण्य मिल्नेछ ।

११. कुम्भःतपाईंका लागि यो हप्ता मानसिक व्यर्थ चिन्ता बढ्नेछ । तिरस्कार, हिनतावोध, आफ्ना आश्रित कर्मचारी, छोरा–छोरीबाट धोका खानु पर्नेछ । नाता पर्ने व्यक्तिबाट असहयोगको सामना गर्नुपर्नेछ । आम्दानीभन्दा खर्च नै ज्यादा हुने भएकाले सकेसम्म जोगिनु उचित हुनेछ । अनावश्यक रुपमा शत्रु बढ्ने हुनाले कसैसंग वादविवादमा लाग्नु पनि ठीक हुनेछैन ।

१२. मीनःतपाईंका लागि यो हप्ता स्वास्थ्य एक्कासी बिग्रने अवस्था आइपर्नेछ । चिसोले दुःख दिन सक्नेछ । मानसिक अशान्ति, कार्यमा बिघ्नबाधा, खानामा गडबडी हुन सक्नेछ । यात्रामा संकट पर्न सक्ने भएकाले शनिबार पूर्व दिशाको पात्रा नगर्नुहोला । आँखा वा शरीरको कुनै पनि भागमा दुख्ने वा चोट लाग्ने अवस्था सोम र मंगलबार आइपर्ने बलियो सम्भावना छ ।

## साप्ताहिक साहित

फाल्गुन १०, २०६९ बिहीबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन ११, २०६९ शुक्रबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन १२, २०६९ शनिबार – पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन १३, २०६९ आइतबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन १४, २०६९ सोमबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन १५, २०६९ मंगलबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
फाल्गुन १६, २०६९ बुधबार – दक्षिण र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल ।
E-mail: haripanta@gmail.com, website: www.jbweekly.com, मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com